नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

मितिः २०७७/०७/०३

## जरुरी सूचना

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुसार शैक्षिक बर्ष २०७७ देखि नेपालका सबै विद्यालयहरुमा कक्षा ११ मा नयाँ पाठ्यक्रम लागू गरिएको छ । यस सम्बन्धी सूचना पाठ्यक्रम विकास केन्द्रबाट यसपूर्व नै जारी भएको विदितै छ । तथापी केही विद्यालयहरुले पुरानै पाठ्यक्रम अनुसार पठनपाठन गराउने भनि विद्यार्थी भर्ना गराइरहेको भन्ने जनगुनासो आएकाले कक्षा ११ सञ्चालन भएका सबै विद्यालयहरुले कक्षा ११ को स्वीकृत नयाँ पाठ्यक्रम अनुसार मात्र पठनपाठन गर्न, गराउन तथा सोही अनुसार विद्यार्थीको मूल्याङ्कन गर्ने व्यवस्था हुन समेत सम्बन्धित सबै विद्यालयहरुलाई जानकारी गराइन्छ । साथै आगामी शैक्षिक बर्षदेखि कक्षा १२ मा नयाँ पाठ्यक्रम अनुसार नै पठनपाठन तथा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन हुने भएकाले सबै विद्यार्थी तथा अभिभावकहरुलाई नयाँ पाठ्यक्रम अनुसार पठनपाठन भए नभएको यकीन जानकारी लिएर मात्र विद्यालयमा भर्ना गर्न गराउन समेत सूचित गरिन्छ । विद्यालयले कक्षा ११ को स्वीकृत नयाँ पाठ्यक्रम कार्यान्वयन गरे नगरेको विषयमा अनुगमन र आवश्यक निर्देशन हुन सबै स्थानीय तहहरुलाई समेत निर्णयानुसार अनुरोध गरिन्छ ।

विदुरराज गिरी
उपसचिव

फोन नं.:
वेबसाइटः www.moest.gov.np